केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/५/०६७/६८ मिति: २०६७/०६/०५

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको इ.प्रा.निर्देशन नं. ३/०६७ को बुँदा नं. ११ (३) मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गरिएको छ।

(क) घरजग्गा तथा रियल स्टेटको सुरक्षणमा प्रवाह हुने कर्जाको रकम धितो सुरक्षणमा राखिएको घरजग्गा तथा रियल स्टेट सम्पत्तिको Fair Market Value को ६० प्रतिशत ननाघ्ने गरी मात्र कर्जा प्रदान गर्नु पर्नेछ। तर, आवासीय घर कर्जा (Residential Real Estate) को हकमा Fair Market Value को दुई तिहाईसम्म कर्जा प्रवाह गर्न सकिने छ।

(ख) आवासीय घर कर्जा, व्यवसायिक भवन तथा आवासीय अपार्टमेण्ट निर्माण कर्जा, निर्माण सम्पन्न भई आय आर्जन गर्न थालेको व्यापारिक कम्प्लेक्स कर्जा तथा अन्य रियल स्टेट कर्जा (जग्गाजमीन खरिद तथा प्लटिंग कर्जा समेत) गरी कुल कर्जाको २५ प्रतिशतभन्दा बढी नहुने गरी कर्जा सीमा तोकिएको छ। साथै, अन्य रियल स्टेट कर्जा (जग्गाजमीन खरिद तथा प्लटिंग कर्जा समेत) को लागि प्रवाह हुने कर्जाको सीमा कुल कर्जाको १० प्रतिशत कायम गरिएको छ।

(ग) यो निर्देशन लागू हुँदा उक्त सीमाभन्दा बढी कर्जा प्रवाह भइसकेको अवस्थामा त्यस्ता इजाजतपत्रप्राप्त संस्थाहरुले देहाय बमोजिमको समयावधिभित्र देहाय बमोजिमको सीमाभित्र ल्याइसक्नु पर्नेछ।

| शीर्षक | २०६८ आषाढ मसान्तमा | २०६९ आषाढ मसान्तमा |
|---|---|---|
| (अ) आवासीय घर कर्जा | कुल कर्जाको बढीमा ३० प्रतिशत | कुल कर्जाको बढीमा २५ प्रतिशत |
| (आ) व्यवसायिक भवन तथा आवासीय अपार्टमेण्ट निर्माण कर्जा | | |
| (इ) निर्माण सम्पन्न भई आय आर्जन गर्न थालेको व्यापारिक कम्प्लेक्स कर्जा | | |
| (ई) अन्य रियल स्टेट कर्जा (जग्गाजमीन खरिद तथा प्लटिंग कर्जा समेत) | कुल कर्जाको बढीमा १५ प्रतिशत | कुल कर्जाको बढीमा १० प्रतिशत |
| जम्मा [(अ), (आ), (इ) र (ई)] | कुल कर्जाको बढीमा ३० प्रतिशत | कुल कर्जाको बढीमा २५ प्रतिशत |

(१) यो निर्देशन जारी हुनु पूर्व उपर्युक्त बुँदा नं. (ग) को तालिकाको (ई) मा तोकिएको सीमाभन्दा बढी कर्जा प्रवाहित गरिएको भएमा सो कर्जालाई २०६९ आषाढ मसान्तभित्रमा १० प्रतिशतको सीमामा ल्याइसक्नु पर्नेछ।

(२) रियल स्टेट कर्जा सापट भन्नाले निर्देशन नं. ९ को निर्देशन फा. नं. ९.३ (क) प्रयोजन अनुसारको कर्जा सापटमा उल्लिखित प्रष्टीकरणको सि.नं. ५ को रियल स्टेट कर्जालाई बुझाउने छ।

(३) कर्जा प्रवाह गर्दा तोकिएको समयावधि अनुसारको सीमा नाघ्नेगरी इजाजतपत्रप्राप्त संस्थाले उक्त प्रयोजन/Product हरुमा प्रदान गरेको कर्जाको पुनरसंरचना वा नवीकरण गर्न पाउने छैनन्।

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

तर, यस परिपत्रको संरचना एवं भावनालाई प्रतिकूल असर नपार्ने गरी अन्य सम्पूर्ण व्यवस्थालाई यथावत कायम राखी रियल स्टेट कर्जा सुविधा उपभोग गरेका ऋणीले उक्त कर्जाको २५ प्रतिशत साँवा तथा बक्यौता ब्याज भुक्तानी गरेको अवस्थामा बाँकी ७५ प्रतिशत सावाँलाई आ.व. २०६७/६८ सम्मको लागि एक पटक मात्र पुनरतालिकीकरण र/वा नवीकरण गर्न सकिने छ ।

(४) समग्र सीमा कायम गर्ने सिलसिलामा कुनै कर्जा विशेषलाई भुक्तानी म्याद अगावै असुली गर्ने गरी कलब्याक गर्न यस व्यवस्थाले बाध्य गराएको छैन । इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक कर्जाको किस्ताबन्दीको आधारमा कायम राखेको भुक्तानी म्यादसम्म सो कर्जालाई सोही किस्ता बमोजिम कर्जा असुल गर्न सकिने छ ।

(५) यो निर्देशन प्रथम पटक जारी हुनु (मिति २०६६/०९/०२) अगावै उक्त प्रयोजन/Product अन्तर्गतको कर्जा सीमा स्वीकृत भई इजाजतपत्रप्राप्त संस्थाले कर्जा प्रतिबद्धता दिइसकेको हकमा सो प्रतिबद्धता अन्तर्गतको रकम बरावरको कर्जा प्रवाह गर्न यो निर्देशनले बाधा पुर्‍याएको मानिने छैन ।

(६) यो निर्देशन प्रथम पटक जारी भए (मिति २०६६/०९/०२) पश्चात प्रदान गरिएका रियल स्टेट कर्जा २०६८ आषाढ मसान्त र २०६९ आषाढ मसान्तका लागि निर्धारण गरिएको सीमाभित्र नआएमा यो निर्देशनको उल्लङ्घन भएको मानिने छ । यसरी प्रदान भएको रियल स्टेट कर्जा सीमा नाघेमा नाघेजति रकमको लागि कुल जोखिम भारित सम्पत्तिको गणना गर्दा १५० प्रतिशतको जोखिम भार प्रदान गर्नु पर्नेछ ।

(७) बहुआवासीय घरका लागि एक मात्र बैंकले कर्जा प्रवाह गर्ने भए सोही बैंक र सहवित्तीयकरण अन्तर्गतको कर्जा भए अगुवा बैंकमा अपार्टमेन्ट खरिदकर्ताहरुले Down Payment वा बुकिङ्ग खुल्ला गरेपछि जम्मा गरेको रकम अनिवार्यरुपले सम्बन्धित बैंक वा अगुवा बैंकमा जम्मा गराइएको हुनु पर्नेछ ।

*टिप्पणी: "एउटै क्षेत्रमा प्रवाहित कर्जा" भन्नाले अर्थव्यवस्थाको एकै क्षेत्रका ग्राहकहरुमा प्रवाहित कर्जा सापट र जमानत, बचनबद्धता, प्रतितपत्र जस्ता सुविधाहरु सम्झनु पर्छ ।*

२. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी एकीकृत निर्देशन, २०६७ को निर्देशनका केही व्यवस्था/ढाँचामा देहाय बमोजिम संशोधन गरिएको छ ।

(क) इ प्रा. निर्देशन नं. २/०६७ (कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था) को बुँदा नं १ मा भएको अन्य व्यवस्था यथावत कायम राखी परिभाषालाई देहाय बमोजिम परिमार्जन गरिएको छ ।

*"असल कर्जालाई "सक्रिय कर्जा" (Performing Loan) र पुनरसंरचना/पुनरतालिकीकरण गरेका कर्जा, कमसल, शंकास्पद तथा खराब कर्जालाई "निष्कृय कर्जा" (Non-performing Loan) भनी परिभाषा गरिएको छ ।"*

(ख) एकीकृत निर्देशन, २०६७ को निर्देशन फा.नं. २.१ र अनुसूची ४.१३ लाई खारेज गरी यसैसाथ संलग्न *निर्देशन फा.नं. २.१ र अनुसूची ४.१३* लागू गरिएको छ ।

(ग) एकीकृत निर्देशन, २०६७ को ने.रा.बैंक निर्देशन फा.नं. ९.१ र ने.रा.बैंक निर्देशन फा.नं. ९.२ लाई खारेज गरी यसैसाथ संलग्न *ने.रा.बैंक निर्देशन फा.नं. ९.१ र ने.रा.बैंक निर्देशन फा.नं. ९.२* लागू गरिएको छ ।

(घ) एकीकृत निर्देशन, २०६७ को ने.रा.बैंक निर्देशन फा.नं. ९.९ लाई खारेज गरी यसैसाथ संलग्न *ने.रा.बैंक निर्देशन फा.नं. ९.९* लागू गरिएको छ ।

३. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. १४/०६७ (शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था) को बुँदा नं. १ को उपबुँदा क(ए) र उपबुँदा नं. ख(ऐ) मा भएको व्यवस्थालाई खारेज गरिएको छ । *तर, पूर्व व्यवस्था अनुसार शाखा खोल्न सक्ने संस्थाको हकमा सोही व्यवस्था अनुसार नै हुनेछ ।*

४. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी पत्र संख्या: बै.वि.नि.वि/नीति/परिपत्र/

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : “रावा”
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

१/०६७/६८ मिति २०६७।४।२५ को परिपत्रको बुँदा नं ११ (संस्थापक शेयर धितो कर्जा सम्बन्धमा) को उपबुँदा नं (ख) को अन्तिम अनुच्छेदको *“यसपूर्व सो सीमाभन्दा बढी शेयर धितो राखी कर्जा उपयोग गरिरहेकाको हकमा उक्त कर्जाको भुक्तानी मिति वा २०६८ आषाढमसान्तमध्ये जुन पहिले हुन्छ, सो समयभित्र तोकिएको सीमामा ल्याइसक्नु पर्नेछ ।”* भन्ने व्यवस्थालाई हटाइएको छ ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।